धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या १६/०८२/०८३

आज मिति २०८३ साल जेष्ठ २२ गते, शुक्रबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| क्रस | नाम | पद | | दस्तखत |
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | श्री प्रेम बहादुर दाहाल | वडा नं-२ | | |
| ३ | मिलना ओटे | वडा सचिव | धरान-3 | |

१. <u>बैठकको गणपुरक संख्या सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाको कार्यपालिका बैठकमा सचिव सहित ३० जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी गराउनु भयो।

२. <u>अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–</u>

मिति २०८३ वैशाख ३ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकमा विविध सहित जम्मा ६ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरु मध्ये केही कार्यान्वयन भइसकेका र केही कार्यान्वयनको चरणमा रहेको विषय बैठकमा जानकारी भयो।

३. <u>आयोजना तथा कार्यक्रम कार्यान्वयन तथा दायित्व व्यवस्थापन सम्बन्धमाः–</u>

चालु आ.व. २०८२/८३ को लागि नगर सभाले स्वीकृत गरेको आय-व्यय अनुमान मुख्यतः आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट स्रोतबाट प्रक्षेपण अनुसार आम्दानी हुन नसक्ने भएकोले "आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम" मा भएका र अन्य विविध शीर्षकबाट खर्च गरी सञ्चालन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा चालू आर्थिक वर्षमा भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भएकोले पूँजीगत खर्च तर्फका आन्तरिक स्रोतबाट तथा संघ र प्रदेश सरकारबाट राजस्व बाँडफाँड मार्फत प्राप्त हुने स्रोतबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरु चालू आर्थिक वर्षमा सम्पन्न भए पनि भुक्तानी गर्न रकम अपुग भएमा आगामी आर्थिक वर्षमा भुक्तानी गर्न बजेट व्यवस्थापन गर्ने गरी स्वीकृति तथा सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै यसरी सञ्चालन हुने आन्तरिक स्रोत तर्फका कार्यक्रमहरुको म्याद आगामी आ.व. को उपयुक्त अवधिसम्म हुनेगरी कायम गर्नेगरी सम्झौता गर्ने समेत निर्णय गरियो।

४. **नगर अस्पताल सञ्चालन सम्बन्धमा।**

धरान उपमहानगरपालिकाले नगर अस्पताल सञ्चालन गर्नका लागि उपयुक्त जग्गा खोजी र प्रासिका प्रयास गर्ने क्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८३/०१/२८, च.नं. १४९३ क को पत्रबाट धरान-१ स्थित छाता चोकमा पुरानो धरान अस्पताल रहेको साविक धरान कित्ता नं. २४ को १-४-१३-१ विघा जग्गा नगर अस्पताल निर्माणका लागि धरान उपमहानगरपालिकालाई उपयोग गर्न मिति २०८३/०१/२१ को मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृति प्रदान गरिएको जानकारी भएकोले सोहि बेहोरा बैठकमा जानकारी भयो। उक्त स्थानमा हाल सञ्चालनमा रहेको धरान स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको नगर अस्पताल सञ्चालन गर्ने निर्णय गरियो। नगर अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर तयार भएको दरबन्दीलाई आगामी नगर सभाबाट स्वीकृत गरिनेछ।

५. **विद्यालयको स्तर वृद्धि तथा विषय थप सम्बन्धमा।**

क. **विद्यालयको स्तर वृद्धि सम्बन्धमा।**

शैक्षिक वर्ष २०८३ का लागि कक्षा ११/१२ सञ्चालन तथा विषय थप गर्नका लागि धरानमा सञ्चालनमा रहेका विभिन्न विद्यालयहरुले पेश गरेका निवेदनहरु मध्ये नगर शिक्षा समितिको मिति २०८३ वैशाख २९ गतेको बैठकबाट सिफारिस भई आएका विद्यालयहरुलाई कक्षा ११/१२ सञ्चालन तथा विषय थप अनुमति प्रदान गर्ने निर्णय गरियो। अनुमति दिइएका विद्यालयका विवरण प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

ख. **विद्यालयको नाम परिवर्तन तथा स्थानान्तरण (ठाउँसारी) सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. २ मा संचालित नेशनल एकेडेमी हायर सेकेन्डरी स्कुलको नाम परिवर्तन गरी धरान नोबेल हायर सेकेन्डरी स्कुल कायम गर्न तथा वडा नं. २ बाट वडा नं. १२ चतरा लाईनमा स्थानान्तरण गरी विद्यालय संचालन गर्न अनुमति माग गरेकोमा नगर शिक्षा समितिको मिति २०८३ वैशाख २९ गतेको बैठकबाट सिफारिस भई आएकाले उक्त स्कुलको नाम परिवर्तन तथा ठाउँ स्थानान्तरणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

६. **शिक्षकहरुको दरबन्दी मिलान सम्बन्धमा।**

यस नगर क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान गर्ने सम्बन्धमा नगर शिक्षा समितिको मिति २०८२ जेष्ठ २२ गतेको बैठकबाट सिफारिस भए बमोजिम दरबन्दी मिलान सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

२०८३।२।२५

७. योजना सञ्चालन सम्बन्धमा।

क. धरान-१७, सम्झना मार्गमा रहेको मानव अधिकारको लागि एकल महिला समूहको भवन निर्माण गर्न प्रदेश सरकारबाट प्राप्त रु. ८,००,०००/- (अक्षरेपि आठ लाख मात्र) र विभिन्न आयोजनाका लागि अपुग रकम शिर्षकबाट रु. २३,७३४।८३ खर्च गर्ने गरी भवनमा जस्ता पाता लगाउने र साइडको पर्खाल लगाउने कामको लागि रु. ८,२३,७३४।८३ को लागत अनुमानमा निर्माण गरिने उक्त समूहको भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेको र उक्त जग्गामा यस अघिनै उक्त समूहको भवन निर्माण भई सकेकोले भवनको स्तरोन्नति गर्ने कार्य अगाडि बढाउन मिति २०८३।०१।२१ को कार्यवाहक प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

ख. धरान-१५ स्थित गणतन्त्र बस्तीमा दोहिनी फुयलको श्रीमती गोमा फुयलको निजि नम्बरी जग्गाको पूर्व र सेउती खोलाको पश्चिम सिमानाको बीच भागमा रहेको सार्वजनिक जग्गामा भोजपुर सुनसरी सेवा समाजको भवन निर्माण गर्न रु. ५,२०,३२५।८८ (अक्षरेपि पाँच लाख बिस हजार तिन सय पच्चीस रुपैयाँ अठासी पैसा मात्र) को लागत अनुमान स्वीकृत हुने चरणमा उक्त जग्गा सार्वजनिक रहेकोले आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी हाललाई प्रकृया अगाडि बढाउन मिति २०८३।०१।२३ को का.वा. प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग. धरान-५ स्थित मुन्धुम हिम भवनको संरक्षण हेतु तारजाली घेरावारा गर्न रु. २,००,०००/- (अक्षरेपि दुई लाख मात्र) नगरपालिकाबाट उपलब्ध गराउने र रु. २२,५१९।४३ सम्बन्धित उपभोक्ता समितिबाट व्यहोर्ने गरी रु. २,२२,५१९।४३ को लागत अनुमानमा तारजाली घेरावारा गर्न लागिएको जग्गा सार्वजनिक रहेकोले आगामी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी हाललाई प्रकृया अगाडि बढाउन मिति २०८३।०१।२१ को कार्यवाहक प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ. धरान-१५ मा आधारभूत महिला समूह भवन निर्माण गर्न प्रदेश सरकारको रु. २०,००,०००/- (अक्षरेपि दुई लाख मात्र) अनुदान र समूहबाट रु. २,२१,७९६।२३ व्यहोर्ने गरी कुल रु. २२,२१,७९६।२३ को लागत अनुमानमा भवन निर्माण गर्ने जग्गा सार्वजनिक जग्गा रहेकोले आगामी कार्यपालिकाबाट अनुमोदन गर्ने गरी हाललाई प्रकृया अगाडि बढाउन मिति २०८३।०१।२१ को कार्यवाहक प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

ङ. धरान-१३ स्थित राई टोलमा रहेको अनाम नाट्य जमातको कार्यालय भवनको वरिपरि वाउण्ड्री वाल निर्माण गर्न रु. २,००,०००/- (अक्षरेपि दुई लाख मात्र) पूर्वाधार साझेदारी कार्यक्रमबाट खर्च गर्ने र रु. २८,८५९।३२ सम्बन्धित उपभोक्ता समितिले व्यहोर्ने गरी कुल रु. २,२८,८५९।३२ को लागत अनुमानमा वाउण्ड्री वाल निर्माण गर्ने उक्त जग्गा मिति २०५७।१२।१७ को तत्कालिन धरान न.पा.को बोर्ड बैठकको निर्णयबाट धरान न.पा.को स्वामित्वमा रहेको धरान-१० क कि.नं. २४६ बाट १ कठ्ठा जग्गा स्वामित्व हस्तान्तरण नहुने गरी प्रयोग गर्न निर्णय भए बमोजिम योजना सञ्चालन गर्ने निर्णय गरियो।

च. धरान-६ मा रहेको सुनौलो बाल क्लबको भवनमा भूईं ढलाई र छाना छाउनका लागि रु. २,००,०००/- (अक्षरेपि दुई लाख मात्र) नगर भिजनबाट उपलब्ध हुने र रु. ५३,०४३।७१ सम्बन्धित क्लबले व्यहोर्ने गरी कुल रु. २,५३,०४३।७१ को लागत अनुमानमा काम गर्न उक्त क्लब रहेको जग्गा सार्वजनिक जग्गा रहेको र उक्त क्लब वडा बाल सञ्जालको मातहातमा रहेको निर्माणाधिन भवन रहेको भनि वडा नं. ६ कार्यालयको समेत मिति २०८३।०१।२८ को सिफारिस रहेकोले उक्त स्थानमा निर्माणाधिन भवनको ट्रस लगाउने योजना सञ्चालन गर्ने निर्णय गरियो।

छ. धरान-११ संघर्ष चोक, योञ्जन मार्गमापर्ने बौद्ध दाह संस्कार तथा सांस्कृतिक समूह भवन निर्माण गर्न रु. ५,००,०००/- (अक्षरेपि पाँच लाख मात्र) उ.प.म.न.पा.बाट उपलब्ध हुने र बाँकी रकम रु. २,३९,८४३।३५ सम्बन्धित संस्थाले व्यहोर्ने गरी कुल रु. ७,३९,८४३।३५ को लागत अनुमानमा भवन निर्माण गरिने जग्गा सार्वजनिक जग्गा रहेकोले ११ नं. वडा कार्यालयको सिफारिस बमोजिम उक्त जग्गामा योजना सञ्चालन गर्ने निर्णय गरियो ।

ज. धरान-१४ को हात्तीसार उकालोको साइडमा रहेको सार्वजनिक जग्गामा सामुदायिक भवन प्रहरी चौकी निर्माण गर्न रु. ८,००,०००/- आन्तरिक श्रोतबाट उपलब्ध गराउने गरी कुल रु. ८,०२,७९४।४४ को लागत अनुमानमा निर्माण प्रस्ताव गरिएको जग्गा सार्वजनिक जग्गा रहेकोले उक्त जग्गामा उल्लिखित योजना सञ्चालन गर्ने निर्णय गरियो।

झ. धरान-१५ स्थित गणतन्त्र वस्तीमा क्षावेनाङजो शिङसा गुम्बा भवनमा रंगरोगन र रेलिंग निर्माण गर्न रु. ५,००,०००/- प्रदेश सरकारको अनुदान र रु. ७४,८४७।१२ सम्बन्धित गुम्बाबाट व्यहोर्ने गरी कुल रु. ५,७४,८४७।१२ को लागत अनुमानमा निर्माण गर्न मिति २०८३।०२।०६ मा सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता भई सकेको योजना

२०८३।२।२५

सञ्चालन गर्ने जग्गा सार्वजनिक जग्गा रहेकोले उक्त सार्वजनिक जग्गामा उल्लिखित योजना सम्पन्न गर्ने गरी भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

ञ. धरान-५ स्थित दशघरे समाजको अधुरो भवनमा प्लाष्टर, रंगरोगन, झ्यालमा ग्रिल, कम्पाउण्ड वाल लगायतका स्तरोन्नतिको कार्य गर्न रु. ४,९७,५९४।६५ को लागत अनुमान स्वीकृत गरी प्रकृया अगाडि बढाउने क्रममा उक्त भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेकोले सोही सार्वजनिक जग्गामा रहेको उक्त अधुरो भवनमा माथि उल्लिखित कार्यहरु गर्न कार्यपालिका बैठकमा पेश गर्ने गरी प्रकृया अगाडि बढाउन मिति २०८३।०१।२३ को कार्यवाहक प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

ट. १८ नं. वडा कार्यालय भवन निर्माण शिर्षकमा रु. ३५,००,०००/- (अक्षरेपि पैत्तिस लाख मात्र) र धरान-१८ जेष्ठ नागरिक विश्राम स्थल निर्माणका लागि प्रदेश सरकारबाट रु. ५,००,०००/-(अक्षरेपि पाच लाख मात्र) विनियोजन भएकोले धरान १८ देवीस्थान स्थित रहेको वडा कार्यालय छेउ देवीथानको जग्गामै उक्त वडा कार्यालयको विस्तारित भवन बनाउने र उक्त विस्तारित भवनको तल्लो तलामा जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने मिति २०८३।०२।०१ को १८ नं. वडा कार्यालयको सिफारिस बमोजिम उक्त देवीथानको जग्गामै १८ नं. वडाको वडा कार्यालयको विस्तारित भवन बनाउने र उक्त विस्तारित भवनको तल्लो तलामा जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**८. संशोधित खरिद गुरुयोजना सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको १८ औं नगरसभाबाट कार्यक्रमहरु संशोधन भएको हुनाले आ.व. २०८२/८३ मा स्वीकृत भएको खरिद गुरुयोजनामा केही संशोधन गर्नु पर्ने देखिएको हुनाले स्वीकृत खरिद गुरुयोजना संशोधन गर्ने निर्णय गरियो। संशोधित खरिद गुरुयोजना प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

**९. शवदाह मेसिन खरिद सम्बन्धमा।**

चालु आर्थिक वर्षमा कोशी प्रदेश सरकारबाट खत्रीधारामा रहेको दाह संस्कार स्थलमा शव जलाउने मेसिन खरिदका लागि बजेट बिनियोजन भएको र सो बजेट बाट खरिद प्रक्रिया अगाडि बढाउँन उद्योग विभागमा पत्रचार गर्दा उद्योग विभागबाट प्राप्त जानकारी अनुसार नेपालमा शवदाह मेसिन उत्पादन गर्ने उद्देश्य राखी कुनै पनि उद्योग दर्ता नभएको जानकारी प्राप्त भएको र राष्ट्रिय आविष्कार केन्द्रको मिति २०८२/१२/१७ गते पत्र मार्फत नेपालमा दाह संस्कार गर्ने प्रकृतिको मेशिन यस राष्ट्रिय आविष्कार केन्द्रबाट मात्र उत्पादन हुने भनि जानकारी प्राप्त भएकाले **सार्वजनिक खरिद ऐन २०६३ दफा ४१ को (१) ख** मा भएको व्यवस्था अनुसार उक्त आविष्कार केन्द्रसँग सोझै खरिद गर्ने निर्णय गरियो।

**१०. आ.व. २०८३/८४ को आन्तरिक आय संकलन ठेक्का सम्बन्धमा।**

यस कार्यालयले संकलन गर्ने तपसिल बमोजिमका कर तथा शुल्कहरु ठेक्का प्रकृयाबाट संकलन गर्दै आएको हुँदा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि देहाय बमोजिमको न्यूनतम् ठेक्का कवुल अंक निर्धारण गरी अनलाईन बोलपत्र आह्वान गरी ठेक्का लगाउने निर्णय गरियो।

क. सवारी पार्किङ शुल्क मू.अ.कर सहित रु. २५,००,०००/- (पच्चिस लाख रुपैया मात्र)।

ख. जडीबुटी, कवाडी र जीवजन्तु कर मू.अ.कर सहित रु. ४०,००,०००/- (चालीस लाख रुपैया मात्र)

ग. पूर्वाधार (सडक) उपयोग सेवा शुल्क मू.अ.कर सहित रु. ७५,००,०००/-(पच्चहत्तर लाख रुपैया मात्र) (स्थान पछि निर्धारण गर्ने गरी )

**११. सामाजिक सुरक्षा अन्तर्गत डोरम्यान्ट खाता सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको आ.व. २०८१/८२ को म.ले.प. प्रतिवेदनको बुँदा नं. ७०.५ मा राष्ट्रिय वाणिज्य बैंकमा रहेको २८१३ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा खाता मिति २०८०/०९/१५ गतेदेखि हालसम्म कारोबार नभएकाले सो खाता बन्द गरी उक्त खातामा रहेको रकम संङ्घीय संचित कोषमा दाखिला गरी प्रमाण पेश गर्नु भनि उल्लेख भएको साथै **सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को दफा २६ को उपदफा ३** मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेको लाभग्राहीको विवरण सम्बन्धमा छानविन गरी भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगतकट्टा गरी उक्त खातामा रहेको रकम संङ्घीय संचित कोषमा दाखिला हुनु पर्ने प्रावधान रहेको यसै सन्दर्भमा सामाजिक विकास महाशाखाबाट उक्त २८१३ जना लाभग्राहीहरुको विवरण यकिन भई लाभग्राही जिवित रहेमा खाता नविकरण हुन वा लगत कट्टा गर्न भनि २०८२/१०/२१ गते १५ दिनको, २०८२/११/१३ गते ७ दिनको, २०८२/११/२५ गते ३ दिनको साथै २०८२/१२/०९ गते ७ दिनको म्याद राखी सबै वडा कार्यालयहरुलाई पत्रचार

२०८३।२।२४

गरिसकिएकोले कार्यपालिकाको निर्णय मितिले ७ दिनको समय उपलब्ध गराउने र सो पश्चात २०८० साल पौष १५ गतेदेखि हालसम्म निष्कृय रहेको सामाजिक सुरक्षा खाता बन्द गरी उक्त खातामा रहेको रकम संङ्घीय संचित कोषमा फिर्ता पठाउने निर्णय गरियो।

**१२. विपद् व्यवस्थापन नीति, २०८२ तथा उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०८२-२०८७) सम्बन्धमा।**

मिति २०८२/०८/१६ गतेको नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार बहुप्रकोपको जोखिममा रहेको धरान उपमहानगरपालिका क्षेत्र भित्र विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थितरुपमा सञ्चालन गर्न तयार गरिएको धरान उपमहानगरपालिकाको विपद् व्यवस्थापन नीति, २०८२ तथा विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्य योजना (२०८२-२०८७) स्वीकृति गर्ने निर्णय गरियो।

**१३. वृत्ति मार्गनिर्देशन सेवा इकाई व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८३ सम्बन्धमा।**

नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सहयोग तथा हेल्भटास नेपालको प्राविधिक सहयोगमा यस उपमहानगरपालिकामा सञ्चालित वृत्ति मार्गनिर्देशन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि तयार गरिएको वृत्ति मार्गनिर्देशन सेवा इकाई व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**१४.टोल विकास संस्थाको कार्यविधि परिमार्जन सम्बन्धमा।**

यस उपमहानगरपालिकाको हाल कार्यान्वयनमा रहेको टोल विकास संस्थाको कार्यविधिलाई समयसापेक्ष परिमार्जन गर्नु पर्ने भएकोले सम्बन्धित महाशाखाबाट तयार भइ कानुन तर्जुमा मस्यौदा समितिको मिति २०८३/०२/१९ गतेको बैठकबाट सिफारिस भएको टोल विकास संस्था संचालन कार्यविधि २०७५ को पहिलो संशोधन स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत संशोधित कार्यविधि प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

**१५. बन्द तथा सञ्चालन नरहेका व्यवसायहरुको लगत कट्टा सम्बन्धमा।**

धरान उपमहानगरपालिकामा वि.स. २०७४ श्रावण १ भन्दा अगाडि दर्ता भई नविकरण अवधि पाँच वर्ष भन्दा धेरै भएका व्यवसायहरुको लगत कट्टा प्रयोजनको लागि उपमहानगरपालकाको आर्थिक ऐन, २०८२ को दफा १७ को उपदफा (१३) को (१) बमोजिम वडामा सञ्चालनमा नरहेका व्यवसायको विवरण माग गरिएकोमा वडा नं. २ को वडा समितिबाट सत्यापन गरी सञ्चालन नभएका भनी लगत कट्टाको लागि प्राप्त विवरण आर्थिक ऐन, २०८२ को दफा १७ को उपदफा (१३) को (२) बमोजिम प्राप्त भएको र उक्त विवरण बमोजिमको व्यवसाय आर्थिक ऐन, २०८२ को दफा १७ को उपदफा (१३) को (३) बमोजिम व्यवसाय दर्ता खारेजी गरी अभिलेख अद्यावधिक गर्ने र यसरी खारेज गरिएका व्यवसायहरुको विवरण आर्थिक ऐन, २०८२ को दफा १७ को उपदफा (१३) को (४) बमोजिम छुट्टै अभिलेख खडा गरी राख्ने र तोकिए बमोजिमको राजस्व लिई लगत कट्टा गर्ने निर्णय गरियो।

**१६. विविध**

**क. बाटोको मापदण्ड कायम सम्बन्धमा।**

**अ. बाटोको मापदण्ड तथा नामाकरण अनुमोदन सम्बन्धमा।**

धरान उपमहानगरपालिकाका विभिन्न वडाहरुमा बसोवास गर्ने स्थानीयहरुले दिनु भएको निवेदन बमोजिम बाटोको मापदण्ड तथा नामाकरण निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमन तथा सम्बन्धित महाशाखा शाखाबाट सम्पूर्ण प्रक्रिया पुरा भई विभिन्न मितिहरुमा नगर प्रमुख/कार्यवाहक नगर प्रमुख स्तरीय निर्णयबाट स्वीकृत भएका बाटोको मापदण्ड तथा नामाकरण अनुमोदन गर्ने निर्णय गरियो।उक्त अनुमोदन भएको मापदण्ड तथा नामाकरणको लिस्ट प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

**आ. साइट सेटब्याक सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. १९ निवासी अर्जुन लिम्बुले साविक घोपा-३ कित्ता नं. २७८० र ३५७६ क्षेत्रफल भएको ११ धुर भएको जग्गामा घर बनाउने प्रयोजनका लागि नक्सा पेश गरेकोमा उक्त जग्गाको दक्षिण तर्फ कित्ता नं. ३७९५ नेपाल सरकारमा चढाएको बाटो देखिएको र उक्त बाटो आफुले प्रयोग नगर्ने हुँदा सेटब्याक नछाडि घर निर्माण गर्न पाउँ भनि निवेदन पेश गरेको सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**इ. बाटो दर्ताको राजश्व सम्बन्धमा।**

धरान-५ निवासी ध्रुवलाल गिरीले साविक बाँझगरा ५ (क) को कि.नं. ८८० र ८८३ भएको जग्गालाई चेत्पारे मार्ग १४ फिट मापदण्ड कायम गर्न निवेदन दिएकोमा उक्त सडक नगरपालिकाको स्वीकृति बेगर प्लटिङ्ग गरेको हुँदा प्रचलित कानुन बमोजिम प्लटिङ्ग दस्तुर ३३,०००/-(अक्षरेपि तेत्तिस हजार मात्र) लाग्ने देखिएको तर निवेदक जग्गा प्लटिङ्ग गर्ने नभइ जग्गा खरिद गरी घर बनाउने प्रयोजनका लागि बाटो कायम गर्ने भएकाले बाटो दर्ताको रु. ३,०००/-(अक्षरेपि तिन हजार मात्र) मात्र लिई बाटो दर्ता गरीपाउँ भनि निवेदन पेश गरेकोमा यस कार्यालको कानुन शाखाको समेत राय अनुसार प्लटिङ्ग गर्ने व्यक्ति अरु नै भएकोले निवेदकको माग अनुसार रु. ३,०००/-(अक्षरेपि तिन हजार मात्र) मात्र बाटो दर्ता दस्तुर लिई बाटो दर्ता गरिदिने निर्णय गरियो।

**ई. मदन भण्डारी राजमार्गको सिमाङ्कन र नक्सा पास सम्बन्धमा।**

धरान-६ को विचबाट र धरान-८ र धरान-१९ को दक्षिण जंगलको उत्तरबाट गएको मदन भण्डारी राजमार्गको सिमाङ्कन नभएको कारण नक्सा पास गर्न समस्या भएकोले उक्त राजमार्गहरुमा पर्ने घडेरीहरुको कति सेटब्याक छोडी नक्सा पास गर्ने विषयमा द्विविधा भएको हुँदा सो विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

श्री धनबहादुर राई- संयोजक, वडाध्यक्ष, धरान-८

श्री पुर्ण बहादुर लिम्बु- सदस्य, वडाध्यक्ष, धरान-१९

श्री भुपेन्द्र भट्टराई- सदस्य, वडाध्यक्ष, धरान-६

श्री सुरज श्रेष्ठ, योजना तथा ईन्जिनियरिङ्ग महाशाखा प्रमुख, अधिकृत आठौं, ध.उ.म.न.पा.।

श्री सफल भट्टराई, ईन्जिनियर, अधिकृत आठौं, ध.उ.म.न.पा.।

श्री रंजित कुमार साह, नापी अधिकृत, ध.उ.म.न.पा.।

**ख. चन्द्रकला राईको अध्ययन बिदा सम्बन्धमा।**

यस उपमहानगरपालिकाको स्वास्थ्य महाशाखा अन्तर्गत सि.अ.न.मि. सहायक पाचौं तहका श्री चन्द्रकला राई (क.सं.न. २१६०४५) ले बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा MSC Nursing को छात्रवृत्ति कोटामा नाम निकालेको र अध्ययन बिदा स्वीकृत गरी पाउँ भनि दिइएको निवेदन सम्बन्धमा यस उपमहानगरपालिकाले निकट भविष्यमै नगर अस्पताल सञ्चालन गर्न गइरहेको र निवेदकले अध्ययन गरेका विषय सोका लागि पनि उपयोगी देखिएको साथै निजले सरकारी छात्रवृत्ति कोटामा नाम निकालेको हुँदा अध्ययनका लागि मनोनीत गर्दै कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२० बमोजिम २ (दुई) बर्षको लागि तलवी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो।

**ग. पदम बहादुर चौधरीको सरुवा सहमती सम्बन्धमा।**

लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाबाट यस उपमहानगरपालिकाको लागि सिफारिस भई नियुक्ति भएका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/२० गतेको निर्णय अनुसार हाल धनगढी उपमहानगरपालिकामा कामकाज गरिरहेका इन्जिनिरिङ सेवा, सर्भे समुह, सहायक स्तर चौथो तहका अमिन पदम बहादुर चौधरी (क.स.नं. २४०५३३) ले सुदुर पश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट प्रकाशित सूचना अनुसार विशेष पदस्थापन हुनका लागि यस उपमहानगरपालिकाको कार्यपालिकाको सहमती माग गरी निवेदन पेश गरिएकोमा निज कर्मचारीलाई विशेष पदस्थापनका लागि सहमती प्रदान गर्ने निर्णय गरियो।

**घ. प्रज्ञादेवी निरौला र टिकाराम निरौलाको लाइसेन्स लिने स्वीकृति सम्बन्धमा।**

नेपाल कानुन व्यवसायी परिषद्‌बाट अधिवक्ताको प्रमाण पत्र लिनका लागि यस कार्यालयमा कार्यरत अधिकृत दशौं तहका श्री प्रज्ञादेवी निरौला र अधिकृत आठौं तहका श्री टिकाराम निरौलाले स्वीकृति माग गर्नु भएको सम्बन्धमा यस कार्यालयको कुनै काममा बाधा नपर्ने गरी र आवश्यकता परेको बेला जुनसुकै समयमा पनि कार्यालयलाई सेवा दिने गरी नेपाल कानुन व्यवसायी परिषद्‌बाट अधिवक्ताको प्रमाण पत्र लिन स्वीकृति दिएकोले अनुमोदन गर्ने निर्णय गरियो।

२०८३/३/२५

ङ. **बसपार्क सञ्चालन र उप-समितिका निर्णयहरु सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ८ मा निर्माण भएको स्मार्ट बसपार्कको निर्माण कार्य सम्पन्न भएकाले सम्पन्न भइ उक्त बसपार्क सञ्चालनको तयारी अवस्थामा रहेको हुँदा मिति २०८३ असार १ गते बसपार्क उद्घाटन गरी सञ्चालन गर्ने निर्णय गरियो। साथै उक्त बसपार्क सञ्चालनका लागि कार्यपालिकाबाट गठित बसपार्क व्यवस्थापन समितिको बैठकबाट विभिन्न उपसमितिहरु गठन गरिएको र ती समितिहरुबाट पेश भएको प्रतिवेदन समेत अनुमोदन गर्ने निर्णय गरियो।

च. **नगर शिक्षा योजना तर्जुमा गर्ने विज्ञहरुको पारिश्रमिक सम्बन्धमा।**

यस धरान उपमहानगरपालिकाबाट नगरभित्रको शैक्षिक गुणस्तर सुधार, पहुँच विस्तार र स्रोत व्यवस्थापनका लागि नगर शिक्षा योजना तर्जुमा गर्न नगर शिक्षा समितिको बैठकबाट गठन भएको योजना तर्जुमा सहजीकरण समितिको निर्णयानुसार उक्त समितिलाई प्राविधिक सहयोग गर्नका लागि छनौट भएका विज्ञहरु पूर्व उप-सचिव श्री डिल्ली अधिकारी र पूर्व उप-सचिव श्री दुर्गा खतिवडालाई नगर शिक्षा समितिको अन्तिम प्रतिवेदन तयार गर्ने बेलासम्मको पारिश्रमिक सोहि समितिको सिफारिस अनुसार जनही रु. ५०,०००/-(अक्षरेपि पचास हजार मात्र) का दरले उपलब्ध गराउने निर्णय गरियो।

छ. **स्वयंसेवक शिक्षक सम्बन्धमा।**

धरान-१६ मा सञ्चालित शारदा बालिका नमुना माध्यमिक विद्यालयले स्वयंसेवक शिक्षकको पारिश्रमिक माग गरी पेश गरेको निवेदन सम्बन्धमा उक्त विद्यालयमा स्वयंसेवक शिक्षकको रुपमा कार्यरत श्री गंगामाया वन जनआन्दोलनका घाइते साथै अपाङ्ग समेत रहनु भएको र निजको आर्थिक अवस्था समेत कमजोर रहेकोले विद्यालयको शैक्षिक सुधारलाई मध्यनजर गर्दै विद्यालयमा अध्यापन गराए वापत निजलाई २०८२ माघ १५ गतेदेखि मासिक रु. ३०,०००/- (अक्षरेपि तिस हजार मात्र) निर्वाह भत्ता उपलब्ध गराउँने निर्णय गरियो।

ज. **भोजपुर सुनसरी समाजका लागि जग्गा उपलब्ध सम्बन्धमा।**

मिति २०८०।१२।१५ को नगर कार्यपालिका बैठकको निर्णय नं. १३ (क) बाट भोजपुर सुनसरी सेवा समाजको कार्यालय सञ्चालन गर्न, बैठक भेला कार्यक्रम, तालिम तथा गोष्ठी लगायतका विभिन्न कार्यक्रमहरु गर्नका लागि उपयुक्त स्थानको खोजि गरी भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय भए बमोजिम मिति २०८०।१२।२६ को नगर प्रमुख स्तरीय तोकादेशबाट धरान-१५ स्थित गणतन्त्र बस्तीमा दोहिनी फुयलको श्रीमती गोमा फुयलको निजि नम्बरी जग्गाको पूर्व र सेउती खोलाको पश्चिम सिमानाको बीच भागमा रहेको सार्वजनिक जग्गामध्येबाट १० (दश) धुर जग्गा भवन निर्माणका लागि उपलब्ध गराउने निर्णय गरियो।

२०८३।२।२५

शैक्षिक सत्र २०८३ मा कक्षा ११ र १२ तर्फ कक्षा थप तथा विषय थपका लागि अनुमति दिएको विद्यालयहरको विवरण

| क्र सं | विद्यालयको नाम | वडा नं | विद्यालयको किसिम | माग भएको कक्षा | अनुमति दिएको विषय |
|---|---|---|---|---|---|
| १ | सरस्वती माध्यमिक विद्यालय, पानवारी | ६ | सामुदायिक | विषय थप | कम्प्यूटर विज्ञान |
| २ | शिक्षा सदन माध्यमिक विद्यालय | १५ | सामुदायिक | विषय थप | कानून समूहका विषयहरु |
| ३ | नोवेल एकेडेमी | ११ | संस्थागत | कक्षा ११ | विज्ञान समूहका विषयहरु |
| ४ | जेम सेकेन्डरी बोर्डिङ स्कुल | १८ | संस्थागत | कक्षा ११ विषय थप | विज्ञान समूहका विषयहरु |
| ५ | ज्ञानोदय से.इ.बो.स्कुल | ११ | संस्थागत | ११ | व्यवस्थापन समूहका विषयहरु |
| ६ | होली ल्याण्ड इन्टरनेश्नल स्कुल | १५ | संस्थागत | कक्षा ११ विषय थप | विज्ञान समूहका विषयहरु |
| ७ | युनाइटेड गोर्खा एकेडेमी | १५ | संस्थागत | विषय थप | होटल म्यानेजमेन्ट |
| ८ | हिबिस्कस इ. बो. स्कुल | १५ | संस्थागत | विषय थप | कम्प्यूटर विज्ञान |

## नगर कार्यापालिकामा दर्ता भई हाल सञ्चालन मा नरहेका व्यवसायहरुको विवरण

| क्र.सं. | करदाता संकेत | करदाताको नाम | व्यवसायको नाम | सडकको नाम | हालको व्यवसायको अवस्था |
|---|---|---|---|---|---|
| १ | ३४०३९०४५०३०५४०३००० | भिमकुमार देवान | शरु फेन्सी | कुसुम बजार | संचालनमा नरहेको |
| २ | ३४०३२००६०३०३४०१००० | उदयकृष्ण श्रेष्ठ | बराह इम्पेक्स | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ३ | ३४०३२००६०३०३४००००० | लक्ष्मी ढुंगाना | लक्ष्मी रेडिमेड स्टोर | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ४ | ३४०३२००६०३०३४००००० | अच्युतकुमार ढुंगाना | पाथिभरा ईन्टरप्राइजेज | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ५ | ३४०३२००६०३०३४००००० | अच्युतकुमार ढुंगाना | पाथिभरा ईन्टर प्राइजेज | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ६ | ३४०३१००११२०२४००००० | बिमला शाक्या | सुनसरी बुलियन | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ७ | ३४०३२००६०३०३७३९० | रंजन कुमार साह | योर लुक्स वेर | गितामन्दिर पथ | संचालनमा नरहेको |
| ८ | ३४०३१०१६११२०२४०२००० | हरि बहादुर वि.क. | हरि ज्वेलर्स | त्रिभुवन पथ | संचालनमा नरहेको |
| ९ | ३४०३१०१६१८०८१०९०० | रामकुमार दास | स्थानीय भवन निर्माण व्यवसायी | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १० | ३४०३१२०३१०१६३०८००० | सुनिल अग्रवाल | सि.एस.बुलियन | त्रिभुवन पथ | संचालनमा नरहेको |
| ११ | ३४०३२०१४०३०३३४२० | मोहमद असरफ | असरफ स्टोर | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १२ | ३४०३१०१६१२०४९००००० | सिंदप पवार | श्री दत्त रिफाइनरी | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १३ | ३४०३१०१६१२०२४०२००० | पुष्पा वि.क. | न्यू पिण्डेश्वर भण्डार | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १४ | ३४०३१०१६०२८४०२२०० | आशिषगोविन्द श्रेष्ठ | न्यू अन्नपूर्ण बाथ वेयर | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १५ | ३४०३१०१०१३०२२२६० | विष्णुप्रकाश जोशी | श्री गणेश भण्डार | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १६ | ३४०३०३०३१०१६४०१००० | देर्गा प्रसाद न्यौपाने | जय श्री राम कपडा स्टोर | त्रिभुवन पथ | संचालनमा नरहेको |
| १७ | ३४०३१०१००३०५४०४००० | गणेश काफ्ले | काफ्ले फेन्सी कपडा पसल | देशी लाईन | संचालनमा नरहेको |
| १८ | ३४०३१०१००३०३४००००० | टंक बहादुर लिम्बु | मिक्स सप | देशी लाईन | संचालनमा नरहेको |
| १९ | ३४०३२०२४०५०२१०७०० | सुनज सुवेदी | अलस्टार शु कलेक्सन | देशी लाईन | संचालनमा नरहेको |
| २० | ३४०३३०२३१९०६१०६०० | दिल कुमार भुजेल | सिटी कम्प्युटर एण्ड ल्याङग्वेल सेन्टर | देशी लाईन | संचालनगा नरहेको |
| २१ | ३४०३१०१००५०२४०१००००० | अनिस गुरुङ्ग | अनिस सु सेन्टर | देशी लाईन | संचालनमा नरहेको |
| २२ | ३४०३१०१०२३३७४०२००० | तमोर सेकुरिटी सर्भिस | तमोर सेकुरिटी सर्भिस प्रा.लि. | देशी लाईन | संचालनमा नरहेको |
| २३ | ३४०३१०१००५०२४०१००० | रामहादुर कामत | कामत फुट वेयर | देशी लाईन | संचालनमा नरहेको |
| २४ | ३४०३०२०११०१०४०३००० | नवराज जोशी | हलेसि होलसेल बिराना पसल | देशी लाईन | संचालनमा नरहेको |
| २५ | ३४०३१०१००७०८४०१००० | मानबिर मगर | बिष्णु सरु इन्टरप्राइजेज | देशी लाईन | संचालनमा नरहेको |
| २६ | ३४०३१०१०१४०६४०२००० | अमन श्रेष्ठ | एडभान्स डिजि प्रीन्टर्स | देशी लाईन | संचालनमा नरहेको |
| २७ | ३४०३१४०६३०५५८८८० | कल्याण राई | गौरीशंकर फोटोकपी सेन्टर | देशी लाईन | संचालनमा नरहेको |
| २८ | ३४०३३०६६१५०६४०१००० | शोभा देवान | डिजिटल कोलोरोमा फोटो सठुडियो | देशी लाईन | संचालनमा नरहेको |
| २९ | ३४०३३०५५०३०३४०२००० | कल्याण राई | गौरीशंकर फेन्सी स्टोर | देशी लाईन | संचालनमा नरहेको |
| ३० | ३४०३१०१००३०३३१२०० | संजय अग्रवाल | ज्योती ट्रेडर्स | देशी लाईन | संचालनमा नरहेको |
| ३१ | ३४०३१०१००३०५४०४००० | मो.रजाक मिया | राजा फेन्सी स्टोर | देशी लाईन | संचालनमा नरहेको |
| ३२ | ३४०४१०१००००००६ | कमल श्रेष्ठ,कुमारी श्रेष्ठ | बिशाल स्टोर | देशी लाईन | संचालनमा नरहेको |
| ३३ | ३४०३१०१००३०५४०३००० | संजय मण्डल | फेशन कलेक्शन | देशी लाईन | संचालनमा नरहेको |
| ३४ | ३४०३०३०३१०१०१०९०० | पुर्णभक्त राई | इमेजिन फेसन वेयर | देशी लाईन | संचालनमा नरहेको |
| ३५ | ३४०३४०१७१२०२४०१००० | हरि विश्वकर्मा | रोहन बराइली ज्वेलर्स | दोभान लाईन | संचालनमा नरहेको |
| ३६ | ३४०३९०२५१२०२४०१००० | सम्बरबहादुर विश्वकर्मा | न्यू पाथिभरा ज्वेलर्स | दोभान लाईन | संचालनमा नरहेको |
| ३७ | ३४०३३०७३०३०५९००००००० | अर्जुन चौधरी | सवनम स्टोर | दोभान लाईन | संचालनमा नरहेको |
| ३८ | ३४०३०४०६३००७३२६०० | अन्जना कटुवाल | देवी कस्मेटीक पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ३९ | ३४०३१५०२३००७४०४००० | सकुन चित्रा कार्की | सकुन सब्जी तथा झोला पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४० | ३४०३१००६०३०३११००० | अशोक राई | सुम्निमा फेन्सी पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४१ | ३४०३१५०२३००७४०४००० | सकुन चित्रा कार्की | विरेन साग सब्जी तथा गेडागुडी पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४२ | ३४०३३००७१७२६४०३००० | गोपाल राई | अर्लि एक्सन टेर्निङ सेन्टर | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४३ | ३४०३४०१७०३०५३३३० | महेश प्रसाद श्रेष्ठ | एपोलो कलेक्शन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४४ | ३४०३९००८०००१२७३० | परसुराम सुवेदी | धरान रेडिमेड कलेक्सन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४५ | ३४०३१५०४३००७४०३००० | पिन्टु चौधरी | पिन्टु सब्जी पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४६ | ३४०३३००७०३०५४०४००० | कृष्ण ह्यूज रिंजकार | पेरिस फेशन वेयर | नरेन्द्र पथ | संचालनमा नरहेको |

नगर कार्यापालिकामा दर्ता भई हाल सञ्चालन मा नरहेका व्यवसायहरुको विवरण

| क्र.सं. | करदाता संकेत | करदाताको नाम | व्यवसायको नाम | सडकको नाम | हालको व्यवसायको अवस्था |
|---|---|---|---|---|---|
| ४७ | ३४०३३००७०३०३४०२००० | अञ्जु पाहिम | एपी कलेक्सन सेन्टर | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४८ | ३४०३२०१३०३०३४००००० | रमेश श्रेष्ठ | न्यू कलेक्सन फेन्सी स्टोर | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ४९ | ३४०३३०५४०३०५४०१००० | माया श्रेष्ठ | एम. एस. कलेक्सन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५० | ३४०३३०२८०३०३४०२००० | सरस्वती सुब्बा लिम्बु | न्यूलेडिज वेयर फेन्सी | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५१ | ३४०३५००६०३०३४००००० | सुनिल कटुवाल | पिरन्स कलेक्सन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५२ | ३४०३४०६६०३०३४०२००० | लक्ष्मण लामा | न्यू केटाकेटी कलेक्सन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५३ | ३४०३४०१५०३०३४००००० | चन्द्रकुमारी राई | केटाकेटी कलेक्सन | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५४ | ३४०३३००७१६०२४०४००० | सिता सुन्दास परीयार | अर्गानिक सुन्दास भेराइटी सब्जी पसल | नरेन्द्र पथ | संचालनमा नरहेको |
| ५५ | ३४०३४११८१४०१९००००० | मधु जैसवाल | मधु सिलाई सेन्टर | निकेतन गल्ली | संचालनमा नरहेको |
| ५६ | ३४०३४११८०३०३४०१००० | सुरेश तामाङ | गिता कपडा पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ५७ | ३४०३३०३२०४०२४०२००० | सविता मगर | कृष्टि कस्मेटिक | निकेतन गल्ली | संचालनमा नरहेको |
| ५८ | ३४०३४३०४०३०३४०१००० | मन्दिरा राई | उपहार फेन्सी स्टोर | निकेतन गल्ली | संचालनमा नरहेको |
| ५९ | ३४०३४११८०३०३४०२००० | सुर्जे विश्वकर्मा | पानबारी फेन्सी सप | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६० | ३४०३४११८०३०५४०३००० | कविता गुरुङ्ग | कविता फेन्सी पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६१ | ३४०३४१०७०३०५४०३००० | शोभा शेर्पा | बन्दना फेन्सी सोप | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६२ | ३४०३४११८०१०२४०२००० | विरबहादुर तामाङ | अनुप खाजा घर | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६३ | ३४०३४११८०३०५४०३००० | मिना राई | मिना रेडिमेड कपडा पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६४ | ३४०३४११८०३०५४०३००० | सुमित्रा राई | विनि फेन्सी सोप | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६५ | ३४०३४११८०३०३४०२००० | प्रमेश कटुवाल | पाँचकन्या फेन्सी पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६६ | ३४०३२०१५०३०३४०१००० | रोशन तामाङ | रोशन फेन्सी सप | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६७ | ३४०३४००२०३०५४०४००० | संगिता गौतम ढकाल | संगता रेडिमेड | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६८ | ३४०३४००२०३०५४०३००० | जित बहादुर लिम्बु | जे.वी.फेन्सी पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ६९ | ३४०३१००५०३०३४०२००० | निसाकुमारी साह | पारु रेडिमेड खुद्रा पसल | निकेतन गल्ली | संचालनमा नरहेको |
| ७० | ३४०३४०७२०३०३४००००० | पुरुषोत्तम श्रेष्ठ | कलर्स वेयर हाउस | निकेतन गल्ली | संचालनमा नरहेको |
| ७१ | ३४०३०१०५४००४०२५०० | विना देवान | खुश्बु खाजा घर | निकेतन गल्ली | संचालनमा नरहेको |
| ७२ | ३४०३२०१९१६०९४०२००० | भिमबहादुर कार्की | पाथिभरा माँ ट्राभल्स एण्ड टुर्स | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७३ | ३४०३३०६७०३०५४०३००० | लिला देवी गुरुङ | लक्की फेन्सी सप तथा सप्लायर्स | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७४ | ३४०३२०२९०३०५४०४००० | रिङ्का चन्द्रवंशी | धरान एपिर्यल | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७५ | ३४०३१००५०१२०४०१००० | सुरेन्द्र शाक्य | अजुसा स्टाफ खाना एण्ड नेवारी खाजा घर | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७६ | ३४०३१००५०६०९६४६० | रामेश्वर प्रसाद भगत | अनिसा कवाडी पसल | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७७ | ३४०३१००५०६०९९७० | दिलीप जयसवाल | मनिष कवाडी पसल | बुद्ध मार्ग | संचालनमा नरहेको |
| ७८ | ३४०३४२६४०१०६४०००००० | ताप्सीलध्वज जिम्बा तामाङ | सुभाष चिया नास्ता पसल | भागवत पथ | संचालनमा नरहेको |
| ७९ | ३४०३१००१०१०१६९१० | मधुरो घिसिङ तामाङ | न्यू आकास रेष्टुरेन्ट एण्ड लज | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८० | ३४०३१००१०५०२४००००० | कमला राई | आर.के.जुत्ता चप्पल पसल | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८१ | ३४०३१००१०३०५४०३००० | लक्ष्मी राई | लक्ष्मी फेन्सी | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८२ | ३४०३१००१०३०५४०३००० | मदनकुमार राई | लक्ष्मी स्टोर | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८३ | ३४०३२०३००१०३४०३००० | अमृत राई | सदिक्षा होटल | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८४ | ३४०३१००११४०१४०४००० | सल्लन अन्सारी | नमुना फेसन टेलर्स | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८५ | ३४०३९९९०३०५४०२००० | कुमार राई | एम.वि.के. फेशन टेलर्स | महेन्द्र पथ | संचालनमा नरहेको |
| ८६ | ३४०३१०१९०७१०४०२००० | तवरेज अन्सारी | अन्सारी मोवाइल रिपेरिङ | रत्न रोड | संचालनमा नरहेको |
| ८७ | ३४०३४०८११३०४४०३००० | रामबहादुर विश्वकर्मा | राम लकान्द्री सुनचाँदी मर्मत | रत्न रोड | संचालनमा नरहेको |
| ८८ | ३४०३३०६७१०२१०५०० | पवन विश्वकर्मा | गगन ज्वेलरी | रत्न रोड | संचालनमा नरहेको |
| ८९ | ३४०३१०१९१३०१४०३००० | रविन विश्वकर्मा | रोशनी ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ९० | ३४०३३०१७१३०१४०३००० | भिम बहादुर विश्वकर्मा | विभोर ज्वेलरी सप | रत्न रोड | संचालनमा नरहेको |
| ९१ | ३४०३१०१९१३०१४०४००० | कामेश्वर ठाकुर | न्यु बालाजी ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ९२ | ३४०३३०१७०३०५४०३००० | शेख युसुफ अली | आमना स्टोर | रत्न रोड | संचालनमा नरहेको |

नगर कार्यापालिकामा दर्ता भई हाल सञ्चालन मा नरहेका व्यवसायहरुको विवरण

| क.सं. | करदाता संकेत | करदाताको नाम | व्यवसायको नाम | सडकको नाम | हालको व्यवसायको अवस्था |
|---|---|---|---|---|---|
| ९३ | ३४०३३०६७१३०२९७३० | मानबहादुर विश्वकर्मा | पवित्रा सुन चाँदी पसल | रत्न रोड | संचालनमा नरहेको |
| ९४ | ३४०३१२०४१०१९२९१० | डिल्लीबहादुर विश्वकर्मा | विश्वकर्मा ज्वेलरी | रत्न रोड | संचालनमा नरहेको |
| ९५ | ३४०३०३०३१०१९५०००० | मो वसिम | मो. वसिम स्टोर | रत्न रोड | संचालनमा नरहेको |
| ९६ | ३४०३१०१९१३०२४०३००० | श्रीराम चौधरी | सेवागन ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ९७ | ३४०३१३०११०१९३०८००० | साविर खान | लेडिज जेन्स टेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ९८ | ३४०३१०१७१३०४४०३००० | अजय राई | विश्वकर्मा छिलाइ पोलीस सेन्टर | रत्न रोड | संचालनमा नरहेको |
| ९९ | ३४०३१०१९१३०४४०३००० | चन्दन कुमार ठाकुर | अनुकुल ज्वेलरी | रत्न रोड | संचालनमा नरहेको |
| १०० | ३४०३१०१९१३०१४०३००० | डम्वर सिंह विश्वकर्मा | अनमोल ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १०१ | ३४०३४०७९१३०२४१८० | तिलक बहादुर विश्वकर्मा | तिलक ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १०२ | ३४०३०७०३१०१९४०६ | शुरेस कुमार गुप्ता | सरस्वती रेडियो सेन्टर | रत्न रोड | संचालनमा नरहेको |
| १०३ | ३४०३०७०३१०१९३०९००० | केदार दास गुप्ता | न्यू बालाजी स्टोर | रत्न रोड | संचालनमा नरहेको |
| १०४ | ३४०३१०१९२२५४ | खड्गबहादुर शंकर | क्वलिटी ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १०५ | ३४०३४०७२१२०२४००००० | मिनबहादुर विश्वकर्मा | न्यू भवजपुरे ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १०६ | ३४०३१०१९१२०२४०१००० | बालकुमार शंकर | कल्याण ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १०७ | ३४०३३०९४१२०२४०२००० | टिकामाया विश्वकर्मा | श्री देव गहना गृह | रत्न रोड | संचालनमा नरहेको |
| १०८ | ३४०३३०२०१२०२७३०० | बलबहादुर श्रेष्ठ | शोभा गहना गृह | रत्न रोड | संचालनमा नरहेको |
| १०९ | ३४०३१०१९१२०२४०२००० | पदम शंकर | पदम ज्वेलरी | रत्न रोड | संचालनमा नरहेको |
| ११० | ३४०३१०१९१२०२४०२००० | पवित्रा सिंगौर विश्वकर्मा | पवित्र ज्वेलरी | रत्न रोड | संचालनमा नरहेको |
| १११ | ३४०३४००२१३०२४००००० | सिंजव संकर विश्वकर्मा | वि.एस.एम ज्वलेरी | रत्न रोड | संचालनमा नरहेको |
| ११२ | ३४०३१२०४१०१९१०९०० | नौसाद आलाम | साजदा गहना पसल | रत्न रोड | संचालनमा नरहेको |
| ११३ | ३४०३४०७२१२०२४०२००० | बमबहादुर विश्वकर्मा | न्यू दन्तकाली गहना गृह | रत्न रोड | संचालनमा नरहेको |
| ११४ | ३४०३३०४६१२०२७१६० | विरबहादुर विश्वकर्मा | न्यू बुढासुब्बा ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ११५ | ३४०३२३२२१०१९४०३००० | रेनुका शंकर | रेनुका कलेक्सन | रत्न रोड | संचालनमा नरहेको |
| ११६ | ३४०३१०१९०३०५११०० | मोहनलाल अग्रवाल | बाबुलाल वस्त्रालय | रत्न रोड | संचालनमा नरहेको |
| ११७ | ३४०३२०३४१२०४४२५० | श्याम विश्वकर्मा भोलादेवी लिम्बु | एस आर सुनचादी पसल | रत्न रोड | संचालनमा नरहेको |
| ११८ | ३४०३१०१९१२०२४०२००० | गणेशकुमार वि.क. | देउराली ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| ११९ | ३४०३१०१९१३०१६५३ | कपुर श्रेष्ठ | गौरी गणेश भंडार | रत्न रोड | संचालनमा नरहेको |
| १२० | ३४०३१०१९१३०४९१७० | रन्जनप्रसाद सोनी | राज लक्ष्मी ज्वेलर्स | रत्न रोड | संचालनमा नरहेको |
| १२१ | ३४०३३०६६०१०२४०१००० | रोशन दाहाल | पुर्वेली थकाली भान्सा घर | शान्तिपथ वडा नं. ६ | संचालनमा नरहेको |
| १२२ | ३४०३१०१२१११०७६३० | बसन्तकुमार शर्मा | शर्मा प्याथोलोजी लुबोरेटोर | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२३ | ३४०३१०१२४०१११६ | मनोज कुमार तिम्सिना | बुढासुब्बा फर्निसिङ सेन्टर | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२४ | ३४०३०४०२१०१२४०१००० | वविता देवी दास | दुर्गा कस्मेटिक खुद्रा पसल | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२५ | ३४०३२१०९१०१२३०४००० | राजकुमार श्रेष्ठ | राज मोटरसाईकल रिपेरिङ वर्कसप | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२६ | ३४०३०७०३१०१२१४८ | ज्ञानरन्जन भट्टचार्य | माया रेडियो सर्भिस | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२७ | ३४०४१०१२०००१७ | द्वारिकानाथ श्रेष्ठ | आवर फिटनेश सेन्टर | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२८ | ३४०३१०१२०४०५४०३००० | विक्की | होराईजन डिष्टिब्युटर्स प्रा.लि. | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १२९ | ३४०३०६१०१०१२४०१००० | रामरती देवी अग्रवाल | दन्दकाली प्रोडक्टस | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १३० | ३४०३१००२१२०२२२४० | निरज श्रेष्ठ | उँ अष्टलक्ष्मी स्टोर | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १३१ | ३४०३०५०११०१२६३००००० | जितेन्द्र चोरडिया | नमो इन्टरप्राइजेज | सिंहदेवी पथ | संचालनमा नरहेको |
| १३२ | ३४०३४१४४१२०२१०८०० | जिवनकुमार विश्वकर्मा | पिसवन ज्वेलर्स | सिंहदेवी पथ | संचालनमा नरहेको |

श्रीमान् प्रमुख ज्यू
धरान उपमहानगरपालिका

विषय : प्रतिवेदन पेश गरेको ।

प्रस्तुत सम्बन्धमा धरान उपमहानगरपालिकाले धरान ८ तीनकुने सुन्दरबस्ती जग्गा विकास आयोजना क्षेत्रमा निर्माण गरेको धरान स्मार्ट बस पार्क व्यवस्थापन समिति र समितले गठन गरेका विभिन्न उपसमितिहरुले गर्नु भएको निर्णय र पेश गर्नु भएको प्रतिवेदन समेतको आधारमा धरान स्मार्ट बसपार्क सञ्चालन गर्ने सम्बन्धमा धरान उपमहानगरपालिकाले गर्नु पर्ने काम, गर्नु पर्ने निर्णहरुको वारेमा संक्षेपमा विवरण पेश गरेको छु।

<u>सुझाव तथा सिफारीश</u>

<u>१. भाडा दररेट निर्धारण उपसमितिले गरेको सिफारीश :</u>

क) हालको भाडादर नेपाल सरकारले कायम गरेको नयाँ भाडा दरमा आधारित रहेको छ। नेपाल सरकारले भाडा दरमा परिमार्जन गरेमा स्वचालित रुपमा सोही बमोजिम लागु हुने व्यवस्था गरिएको छ।

ख) हाल नयाँ बसपार्क क्षेत्रमा आउने वा जाने प्रयोजनको लागि टेम्पो र विद्युतीय रिक्साको दररेट कायम गरिएको छ । अन्य क्षेत्रको भाडा दर यस अघि उपमहानगरपालिकाले तोके बमोजिम नै हुनेछ।

ग) धरानको भुगोलको कारणले हुन सक्ने संभावित दुर्घटना न्यूनीकरण गर्न वडा नं. १४ पुरै र पृथ्विपथ पृथ्वीचोकबाट उत्तर अमरहाटतर्फ र लक्ष्मीसडक लक्ष्मीचोकबाट उत्तर जीरो प्वाईन्टतर्फ सञ्चालनमा पूर्ण रोक लगाइएको छ। ।

घ) लाईसेन्स नै भएका चालकहरु बजारमा देखिने गरेकोहुँदा सो को चेकजाँच गरी चालक अनुमती प्राप्त चालकलाई मात्र टेम्पो तथा ई-रिक्सा सञ्चालनको अनुमती दिनु पर्ने व्यवस्था गरिएको छ।

ङ) संस्थामा आबद्ध नभएका टेम्पो तथा ई-रिक्साको कारण स्टेण्डहरु अस्तव्यस्त रहेको हुँदा नयाँ बसपार्कबाट चल्नको लागि सार्वजनिक यातायात सेवा प्रा.लिमा आबद्ध भएको हुनु पर्ने व्यवस्था गरिएको छ।

च) नयाँ बसपार्कमा जाने सबै टेम्पो तथा ई-रिक्साले बसपार्क व्यवस्थापन तथा सरसफाई सेवा शुल्क बुझाउनु पर्ने। नगरपालिकामा वार्षिक पार्किङ गरेका टेम्पो तथा सिटी सफारीले बसपार्क प्रयोगमा कम्तिमा एक पटक शुल्क बुझाउनु पर्ने व्यवस्था गरिएकोछ।

छ) <u>टेम्पोको भाडा : आउन वा जानको लागि एकातर्फी दररेट</u>

| क्र.सं. | देखि | सम्म | गोटागन्तीमा | रिजर्वमा |
|---|---|---|---|---|
| १. | स्मार्ट बसपार्क | भानुचोक | ३०/- | १००/- |
| २. | स्मार्ट बसपार्क | फुस्रे | ६०/- | १८०/- |
| ३. | स्मार्ट बसपार्क | घोपा | ५०/- | १५०/- |
| ४. | स्मार्ट बसपार्क | रेल्वे | ५०/- | १५०/- |
| ५. | स्मार्ट बसपार्क | फोक्ल्याण्ड | ६०/- | १८०/- |
| ६. | स्मार्ट बसपार्क | तल्लो पानवारी | ५०/- | १५०/- |
| ७. | स्मार्ट बसपार्क | माथ्लो पानवारी | ५०/- | १५०/- |
| ८. | स्मार्ट बसपार्क | चोक्टी | ६०/- | १८०/- |

नोट : स्मार्ट बसपार्क देखि भानुचोक सम्म गोटा गन्ति रु. ४०/- र रिजर्व रु. १२०/- लाई परिमार्जन गरिएको।

**ई-रिक्सा (सिटी सफारी) भाडाः**

| क्र.सं. | देखि | सम्म | गोटागन्तीमा | रिजर्वमा |
|---|---|---|---|---|
| १. | स्मार्ट बसपार्क | भानुचोक | ३०/- | १००/- |
| २. | स्मार्ट बसपार्क | घोपा क्याम्प | ५०/- | १५०/- |
| ३. | स्मार्ट बसपार्क | रेल्वे | ६०/- | १८०/- |
| ४. | स्मार्ट बसपार्क | फोक्ल्याण्ड | ७०/- | २००/- |
| ५. | स्मार्ट बसपार्क | मंगलवारे | ५०/- | १५०/- |
| ६. | स्मार्ट बसपार्क | देउराली (माथ्लो) | ४०/- | १२०/- |
| ७. | स्मार्ट बसपार्क | देउराली (तल्लो) | ३०/- | १००/- |
| ८. | स्मार्ट बसपार्क | काठेपुल | ६०/- | १७०/- |
| ९. | स्मार्ट बसपार्क | महादेव चोक | ३०/- | १००/- |
| १०. | स्मार्ट बसपार्क | श्याम चोक | ३०/- | १००/- |
| ११. | स्मार्ट बसपार्क | तल्लो पानवारी | ५०/- | १५०/- |
| १२. | स्मार्ट बसपार्क | चोक्टी | ६०/- | १७०/- |
| १३. | स्मार्ट बसपार्क | खैंरेनी | ४०/- | १००/- |
| १४. | स्मार्ट बसपार्क | माथिल्लो पानवारी | ५०/- | १५०/- |
| १५. | स्मार्ट बसपार्क | बगरकोट | ५०/- | १५०/- |

नोट : स्मार्ट बसपार्क देखि भानुचोक सम्म गोटा गन्ति रु. ४०/- र रिजर्व रु. १२०/- लाई परिमार्जन गरिएको।

**२. टिकट वितरण, रुट निर्धारण तथा आलोपालो व्यवस्थापन उपसमिति मार्फत गरिएको सिफारिस :**

क) बसपार्क क्षेत्रमा लेन पेन्टिङ गर्ने र जेब्रा क्रसिङ बनाउने।

ख) टिकट काउण्टर अपुग हुने भएकोले थप गर्ने।

ग) ट्रान्स्फर्मरको सुरक्षाको लागि थप घेरा निर्माण गर्ने।

घ) Open Space को ४ कठ्ठा जग्गामा मिक्सगिटी हालेर सम्याएर थप पार्किङ्ग स्थल बनाउने।

ङ) थप पार्किङ्ग स्थलसम्म जाने बाटोमा मिक्सगिटी हालेर आवतजावत गर्न सक्ने बनाउने।

च) हालको उत्तरतर्फबाट आउने गाडीको Oneway रुटलाई भौडीबाट देशीलाईन हुँदै भानुचोक प्रवेशको सट्टा सदन स्कुलहुँदै बुढासुव्वा चोक र पिण्डेश्वर चोक हुँदै गंगालाल मार्ग (कोशी राजमार्ग) मा लिङ्क गर्ने।

छ) हाल खाल्डाखुल्डि अवस्थामा रहेको भानुमार्ग र पुष्पलाल मार्गको स्तरोन्नती गर्नु पर्ने।

ज) बस पार्क स्थलमा हुने अपुग पार्किङ्ग स्थलको लागि रेडियो नेपालको हाल खालि रहेको जग्गा लिजमा लिएर थप व्यवस्थापन गर्न पहल गर्ने ।

झ) चार्जिङ स्टेशन तयार गर्ने तथा गर्न लगाउने ।

ञ) भानुचोकबाट सञ्चालन हुने साना ठूला सबै खाले यात्रुवाहक सार्वजनिक यातायातका सवारी साधन नयाँ बसपार्कबाट सञ्चालन गर्ने व्यवस्था गर्ने।

ट) उत्तरतर्फबाट आउने सार्वजनिक यात्रुवाहक सवारी साधनहरु माछाभौडीहुँदै सदन स्कुल, पिण्डेश्वर चोक तथा बुढासुव्वा चोक हुँदै दशरथ पथ र पुष्पलाल मार्ग हुँदै गंगालाल मार्गमा निस्किने व्यवस्था गर्ने।

ठ) ढुवानीका सबै सवारीका साधनहरु हाललाई साविक अनुसारको रुट माछाभौडी-देशिलाईन-भानुचोक हुँदै सञ्चालन गर्ने।

ड) माछाभौडी चोकबाट मित्रपथसम्म सडक छेउमा रहेको पार्किङ सवारी घुम्तिको कारण असुरक्षित भएको हुँदा सो स्थानलाई नो पार्किङ क्षेत्र तोक्ने र एकातर्फको पार्किङको व्यवस्था अन्य स्थानमा गर्ने।

**३. सुरक्षा व्यवस्था, गुनासो सुनुवाई तथा वादविवाद समाधान उपसमिति :**

क) बसपार्क सञ्चालन हुनुपूर्व प्रवेशद्वार तथा काउण्टरमा उच्च रिजोलुशन भएको सिसिक्यामराको व्यवस्थापन गर्नु पर्ने।

ख) प्रमुख जिल्ला अधिकारीज्यू समेत सुरक्षा समितिको वैठक बस्नु पर्ने।

ग) ट्राफिक र प्रहरी पोष्टको स्थापना र व्यवस्थापन गर्नु पर्ने।

घ) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवति महिलाको बस्न कुर्सि छुट्टै छुट्याउनु पर्ने।

ङ) ट्राफिक रिफ्लेक्टर, आवश्यक ट्राफिक उपकरणको व्यवस्था गर्नु पर्ने ।

च) वान वे लाई थप व्यवस्थित गर्नु पर्ने।

छ) तीन पाङ्ग्रे सवारी साधनको पार्किङ अण्डरग्राउण्ड गर्ने व्यवस्था गर्ने।

**४. सुचना प्रविधि उपसमिति**

क) नयाँ बसपार्क क्षेत्रमा यात्रुहरुको सुविधालाई ध्यानमा राखेर High Speed WiFi जडान गरी बढीमा २ घण्टा प्रयोग गर्न सकिने गरी सबैले सहजरुपमा प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने

ख) धरान स्मार्ट बसपार्कको कार्यालय सञ्चालन गरी सूचना संप्रेषणको लागि कम्प्युटर, प्रिन्टरको व्यवस्था गर्ने।

ग) मेन रोडबाट बसपार्क प्रवेश गर्ने लांघाली चोक र निस्किने भृकुटी चोकमा High Resolution को CC Camera जडान गरी यात्रुवाहक सार्वजनिक यातायातका सवारी साधनलाई निरगानी गर्ने व्यवस्था गर्नु पर्ने भएकोले सो को लागि आवश्यक बजेट माग गरी पेश गर्ने निर्णय गरियो।

घ) बस पार्कमा यात्रुलाई सूचना प्रवाह गर्ने प्रयोजनको लागि Digital Board राख्ने व्यवस्था गर्ने । Digital Board राख्ने व्यवस्था नभएसम्मको लागि टेलिभिजन सेट मार्फत सूचना प्रवाह गर्ने व्यवस्था गर्ने ।

ङ) लामो दुरीका सवारी साधनमा Baggage Tag को प्रयोग गर्ने व्यवस्था गर्न पहल गर्ने ।

च) यात्रुहरुका सामान हराउनबाट जोगाउन र सुरक्षित राख्न Lost and Found सेवा प्रवाहको व्यवस्था गर्ने। हालको लागि सुरक्षा विटमा अभिलेख राख्ने व्यवस्था मिलाउने। आगामी निकट भविष्यमा नै Mobile Apps को व्यवस्था गरी सूचना प्रविधिको प्रयोग मार्फत सूचना प्राप्त गर्न सहज बनाउने।

छ) स्थानीय भाडा दरको सूचना पाटी नगरका मुख्य स्थानहरु जस्तै बसपार्क, भानुचोक, विजयपुर चोक, वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र श्रम संस्कृती पार्कमा राख्ने व्यवस्था गर्नु पर्ने।

ज) लामो तथा छोटो दुरीको भाडा दर सवारी साधनमा नै टाँस गर्ने व्यवस्थालाई नियमित अनुगमन गरी कार्यान्वयन गराउने।

झ) प्रदेश सरकारको सहयोगमा विराटनगर महानगरपालिकामा सञ्चालन गरिएको जिम्मेवारी सवारी चालक कार्यक्रम सञ्चालनको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरी र सरोकारवाला संस्थाहरसंग समन्वय गरी सञ्चालन गर्न पहल गर्ने ।

खगेन्द्रप्रसाद खतिवडा
राजस्व महाशाखा प्रमुख

## मापदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण (अनुमोदनका लागि पेश गरेको)

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म | लम्बाई मिट |
|---|---|---|---|---|---|---|---|---|
| १ | कल्पना राई समेत १०जना | १५ | २०८२।१०।०६(न.प्र.) | सहिद मार्ग लुप ( निरन्तर) | १४ फि. | सहिद मार्ग लुप देखि पूर्व | पूर्व बन्द (७७६४को दक्षिण पूर्व कुना सम्म) | २०७२ अ किताकाट ६ |
| २ | अनुसा ईङनाभ समेत ५जना | १५ | २०८२।१०।१२(न.प्र.) | स्वागत मार्ग | १४ फि. | तुलसी पथ देखी | पूर्व बन्द कि.नं.९१ पूर्व सम्म | २०७२ अ किताकाट ९ |
| ३ | भोजराज घले समेत २जना | १५ | २०८२।१०।१५(न.प्र.) | घले मार्ग | २० फि. | राजभण्डारी पथ देखी पूर्व | ज्ञानचक्षु मार्ग लुप कि.नं.१०८२१को उत्तरपूर्व कुना सम्म | ८७ मि. |
| ४ | चन्द्रदेवी राई समेत | ६ | २०८२।०९।१४(न.प्र.) | नमुना मार्ग लुप१ | २० फि. | नमुना मार्ग देखी | पूर्वबन्द ( ५३२९,५३२७)सम्म | ६१ मि. |
| ५ | रविन राई समेत ८जना | ५ | २०८२।१०।१८(न.प्र.) | चेत्पारे मार्ग | १४ फि. | निशानदेवी मार्ग देखी पूर्व गई उत्तरदक्षिण बन्द | कि.नं.८९३, ८९४सम्म | २०७२ अ किताकाट ७ |
| ६ | फुलमाया पौडेल समेत | ६ | २०८२।१०।१९(न.प्र.) | सुनौलो मार्ग | २० फि. | मदन भण्डारी राजमार्ग उत्तरपूर्व | पूर्व पोखरा खोला सम्म | २१६.५ मि |
| ७ | दिनेश राई समेत | १७ | २०८२।११।०१(न.प्र.) | हुलाकी मार्ग लुप१ | २० फि. | हुलाकी मार्ग ७४६४, १०९४५देखी | कि.नं.१०९४५सम्म | १०१ मि. |
| ८ | अमृता लिम्बु समेत | ५ | २०८२।१०।२९(न.प्र.) | देविनाथ मार्ग लुप१ | २० फि. | देविथान मार्ग | पूर्व गई कि.नं.२६३६, २६८१ र २४३बन्द | ३१ मि. |
| ९ | योगराज लिम्बु समेत ६जना | ६ | २०८२।१२।०४(न.प्र.) | गुराँश मार्ग | २० फि. | न्यू सितल मार्ग उत्तर गई बन्द | कि.नं.६०७६सम्म | ५६.५ मि |
| १० | योगराज लिम्बु समेत १०जना | ६ | २०८२।१२।०४(न.प्र.) | न्यू सितल मार्ग | २० फि. | नमूना मार्गको सितल चोक देखि | फुटबल चौरी जाने बाटो सम्म (नामाकरण नभएको) | ३४९ मि. |
| ११ | प्रभाव खतिवडा समेत ३जन | १५ | २०८२।१२।०४(न.प्र.) | नुमाफुङ मार्ग | २० फि. | पुष्पलाल मार्ग देखि | कि.नं.१४५५को पूर्व | ५२ मि. |
| १२ | दिपेन्द्र राई समेत ४जना | ८ | २०८२।१२।०६(न.प्र.) | वागधन पथ | १४ फि. | वागधन पथ | पूर्व बन्द | अँशबण्डा ३ |
| १३ | अन्जना थुलुङ्ग समेत ४जना | १७ | २०८२।१२।०४(न.प्र.) | सुर्यदय मार्ग लुप१ | २० फि. | सुर्यदय मार्ग निरन्तर कि.नं.६९९७ देखि | कि.नं.७७२० सम्म | ५०.५ मि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | मिली अग्रवाल समेत ३जना | १७ | २०८२।१२।१०(न.प्र.) | फोक्ल्याण्ड मार्ग१ | २० फि. | फोक्लयाण्ड बस्ती देखि पश्चिम कि.नं.१२०१६, १२०२६ सम्म | पश्चिम गई कि.नं.१२०३२ बन्द सम्म | १३१ मि |
| १५ | शैलेश ढुंगेल | १ | २०८२।०६।०२(न.प्र.) | पृथ्वी पथ लुप१ | १४ फि. | पृथ्वी पथ देखि | पूर्व कि.न.४१६को सिमाना सम्म | २०७२ अ किताकाट ४ |
| १६ | कुन्दन श्रेष्ठ समेत २जना | १७ | २०८२।१२।१८(न.प्र.) | नन्दराम मार्ग | २० फि. | हङकङ रोड कि.नं.३७६६ | दक्षिण तर्फ कि.नं.३७४१ | ४५ मि. |
| १७ | लख ब. तामाङ्ग समेत ८जन | ५ | २०८३।०१।०४(न.प्र.) | लोक मार्ग | २० फि. | जलकन्या मार्ग देखि | उत्तरपूर्व कि.नं.११ बन्द | १४९ मि |
| १८ | पदम ब. आचार्य समेत २१ | ५ | २०८३।०१।०४(न.प्र.) | खानेपानी मार्ग | २४ फि. | गणेश मन्दिर मार्ग देखि | धरान ठिंगाबारी मार्ग | ५१५ मि. |
| १९ | सरिता विश्वकर्मा समेत ९जना | १७ | २०८३।०१।०७(न.प्र.) | रचना मार्ग | २० फि. | नमुना मार्ग कि.नं.४४४ देखि | कि.नं.३८१सम्म | ७६.५ मि |
| २० | साजन राई समेत २जना | ६ | २०८३।०१।०७(न.प्र.) | समृद्धि मार्ग | २० फि. | कटुवाल मार्ग कि.नं.१००५७ देखि | पूर्व दक्षिण कि.नं.७८१४,७७४२सम्म | २९५.४ मि |
| २१ | तारा जुन राई समेत ८जना | ६ | २०८३।०१।२२(न.प्र.) | दुमी पथ | २० फि. | चन्द्र पथ देखि | पश्चिम तर्फ चलनचल्तीमा रहेको बाटो सम्म | ९२ मि. |
| २२ | प्रदिप शाक्य | १७ | २०८३।०२।०५(न.प्र.) | डेलिया मार्ग"क" | २० फि. | हवाई मार्ग कि.नं.१२०५३सम्म | सरवरे मार्ग कि.नं.१२०७६ निकास भएको तथा उत्तरपूर्व | ६२ मि. |
| २३ | सावित्रा राई समेत ३जना | १७ | २०८३।०२।०५(न.प्र.) | पुष्प मार्ग | २० फि. | फोम्बो मार्ग कि.नं.८०५ देखि | कि.नं.५७४,६९६,६८९,२८ सम्म | ४७० मि. |
| २४ | सुधा ल्वागुन १३जना | १५ | २०८३।०२।०८(न.प्र.) | प्रसल मार्ग | १४ फि. | कृष्ण पथ | कि.नं.८८८९को उत्तरपूर्व सम्म। | २०७२ अघि किताकाट ८ |
| २५ | सन्दिपा लामा समेत ४जना | ६ | २०८३।०२।०५(न.प्र.) | नमूना मार्ग लुप२ | २० फि. | नमूना मार्ग | पश्चिम कि.नं.५२२, ५८३५को पश्चिम कुना | ७३ मि. |
| २६ | अन्जना लामा लिम्बु समेत १२जना | १७ | २०८३।०२।१८(न.प्र.) | वगानवेली मार्ग | २४ फि. | नमूना मार्ग कि.नं.६१२ देखि | कि.नं.६३१ सम्म | ४५९.५मि. |
| २७ | अन्जना लामा लिम्बु समेत १२जना | १७ | २०८३।०२।१८(न.प्र.) | शिशिर मार्ग | २० फि. | वगानवेली मार्ग कि.नं.५६६को उत्तरपूर्व कुना | कि.नं.१४४७ उत्तरपूर्व १४३० दक्षिण पूर्व सम्म | १९० मि. |
| २८ | रामबहादुर लिम्बु समेत ११ | २२ | २०८३।०२।१२(न.प्र.) | युवा मार्ग | २० फि. | वगैचा मार्ग | पश्चिम कि.नं.४८०० | ८२ मि. |
| २९ | रत्नमाया राई समेत १०जना | ३ | २०८३।०२।२२(न.प्र.) | मणिसुन्दर मार्ग लुप देखी | १४ फि. | मणि सुन्दर मार्ग देखी | कि.नं.५१४को उत्तर सिमाना सम्म | ७९ मि. |